संघीय संसद

राष्ट्रिय सभा

बाह्रौं अधिवेशन

बैठक -४७

सूचनापत्र -२

(बैठकको कारबाहीको सङ्क्षिप्त विवरण)

*बैठक प्रारम्भ : १२:५९ बजे*

*बैठक स्थगित : १:०३ बजे*

२०७९ भदौ ६, सोमबार

---

संघीय संसद, राष्ट्रिय सभाको बाह्रौं अधिवेशनको **सत्चालिसौं बैठक** सम्माननीय अध्यक्ष गणेशप्रसाद तिमिल्सिनाको अध्यक्षतामा **अपराह्न १२:५९** बजे प्रारम्भ भयो।

सर्वप्रथम सम्माननीय अध्यक्षले प्रतिनिधि सभा सदस्य माननीय प्रदिप गिरीको निधन भएकोमा निम्नलिखित शोक प्रस्ताव प्रस्तुत गर्नुभयोः-

**शोक प्रस्ताव**

“वि.सं. २००६ सालमा सिराहा जिल्लाको बस्तिपुरमा जन्मनु भएका प्रतिनिधि सभा सदस्य प्रदिप गिरीको ललितपुरस्थित नेपाल मेडिसिटि अस्पतालमा उपचारको क्रममा मिति २०७९ साल भदौ ४ गते शनिबारको दिन निधन भएकोमा राष्ट्रिय सभाको यो बैठक गहिरो शोक प्रकट गर्दछ।

स्वर्गीय गिरी नेपाली काँग्रेस पार्टीबाट २०५१ सालको प्रतिनिधि सभा निर्वाचनमा सिराहा जिल्ला निर्वाचन क्षेत्र नं. ५ बाट निर्वाचित सदस्य, वि.सं. २०६२/६३ को जनआन्दोलन पछि पुनःस्थापित प्रतिनिधि सभा सदस्य, वि.सं. २०६४ र वि.सं २०७० सालमा संविधान सभा सदस्य र वि.सं. २०७४ सालको प्रतिनिधि सभामा सिराहा जिल्ला क्षेत्र नं. १ बाट निर्वाचित सदस्य हुनुहुन्थ्यो।

यो बैठक स्वर्गीय प्रदिप गिरीप्रति श्रद्धाञ्जली व्यक्त गर्दै शोक-सन्तप्त परिवारजनप्रति हार्दिक समवेदना प्रकट गर्दछ।”

ततपश्चात् सम्माननीय अध्यक्षले उल्लिखित शोक प्रस्तावलाई पारित गरिदिन हुन अनुरोध गर्नुहुँदा उक्त प्रस्ताव सभाबाट सर्वसम्मतिले पारित भयो ।

त्यसपछि सभाले स्वर्गीय प्रदिप गिरीको निधनप्रति शोक व्यक्तको लागि उठेर १ मिनेट मौन धारण गऱ्यो ।

तदनन्तर, सम्माननीय अध्यक्षले सभाको अर्को बैठक **२०७९ साल भदौ १२ गते आइतबार अपाराह्न १:०१ बजे** बस्ने गरी सो दिनको बैठक स्थगित भएको घोषणा गर्नुभयो ।

(डा. भरतराज गौतम)

संघीय संसदको महासचिव